नेपाली महावाणिज्यदूतावास
सान फ्रान्सिस्को
Consulate General of Nepal
San Francisco

## नयाँ प्रणालीमार्फत् राहदानी सेवा शुरू भएकोसम्बन्धी सूचना ।

राहदानी विभागले सञ्चालनमा ल्याएको नयाँ राहदानी प्रणाली यस महावाणिज्यदूतावासमा समेत जडान तथा सफल परीक्षण भई हिजो **मिति १४ जुलाई २०२६ देखि नयाँ प्रणालीमार्फत् राहदानी सेवा शुरू गरिएको** बेहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

**नयाँ प्रणाली स्थिर नहुञ्जेल आई पर्नसक्ने प्राविधिक समस्यालाई मध्यनजर गर्दै आगामी केही हप्ता राहदानी अत्यावश्यक परेका आवेदकहरू** (*जस्तै राहदानी हराएका, राहदानीको म्याद समाप्त भएका, विभिन्न निकायमा तुरून्तै राहदानी पेश गर्नुपर्ने अवस्था भएका आदि*) **ले मात्र** राहदानी नविकरणका लागि अनलाइन आवेदन फाराम भरी आफूले चयन गरेको मिति र समयमा बायोमेट्रिक लगायतको प्रकृयाका लागि यस महावाणिज्यदूतावासमा उपस्थित हुन अनुरोध गरिन्छ ।

अनलाइन आवेदन फाराम भर्नको लागि https://online.nepalpassport.gov.np/ मा क्लिक गर्नुहोला ।

राहदानी आवेदनका लागि अनलाइन फाराम भर्नेसम्बन्धी विस्तृत जानकारी यस महावाणिज्यदूतावासको वेवसाइटः https://sf.nepalconsulate.gov.np/pages/passport-service-२/ मा राखिएको छ । यस लिंकमा राखिएको जानकारी राम्ररी हेरेर मात्र अनलाइन फाराम भर्नुहुन अनुरोध गरिन्छ ।

राहदानी आवेदनका सम्बन्धमा केही समस्या, प्रश्न वा जिज्ञासा भएमा इमेलमार्फत् : contact@nepalconsulatesf.org मा वा यस महावाणिज्यदूतावासको फोन नम्बरः +१ ३२३ ४८० ८२९२ मा कार्यालय समयभित्र सम्पर्क गरी जानकारी लिन सकिने बेहोरासमेत अनुरोध गरिन्छ।

**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को ।**
१५ जुलाई २०२६